राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ९३ २०८२ कात्तिक १६ गते आईतवार (2 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## अस्थायी पुलमा स्थानीयको २० रुपैयाँ शुल्क तिर्ने बाध्यता




दैनिक समाचारदाता

जनकपुरधाम १५ कात्तिक । हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहा जिल्लालाई जोड्ने कमला नदीमा पुल निर्माण सुरु भएको १४ वर्ष बित्दा पनि पुल बन्न सकेको छैन। पुल नबनेको कारणले स्थानीयहरूलाई अस्थायी पुलमार्फत नदी पार गर्न बाध्य हुनु परेको छ।

स्थानीय प्रविधि र सामग्री प्रयोग गरेर बनाइएको अस्थायी पुल प्रयोग गर्न प्रति व्यक्ति २० रुपैयाँ शुल्क लिन थालिएको छ। विगतमा करिब एक सय रुपैयाँसम्म शुल्क लिने गरिएको गुनासो आएपछि सिरहा नगरपालिकाले समन्वय गर्दै शुल्क घटाएर २० रुपैयाँ कायम गरेको सिरहा नगरपालिकाका प्रशासकीय अधिकृत बलिराम यादवले जानकारी दिनुभयो।

कमला नदीमा पुल नहुँदा हल्का र ठूला सवारीसाधनहरूले मधेस प्रदेशको राजधानी जनकपुरधामबाट पूर्व-पश्चिम लोक राजमार्ग भएर मात्र सिरहा पुग्न सक्छन्। हुलाकी राजमार्ग प्रयोग गर्दा जनकपुरधाम-सिरहा दूरी सामान्यतया ४५ मिनेटमै पूरा हुन सक्ने भए पनि पुल नहुँदा समय, ऊर्जा र अन्य साधन खर्च बढी भएको छ।

धनुषाको पूर्वी भेगका जनताहरूको किनमेलको मुख्य बजार सिरहा भएकाले दैनिक रूपमा नदी पार गर्नुपर्ने बाध्यता रहेको कमला नगरपालिका प्रमुख विश्वेश्वर यादवले बताए।

विसं २०६८ मा तीन वर्षभित्र पुल सम्पन्न गर्ने सम्झौता भएको थियो। तर पटक-पटक म्याद थप भए पनि ठेकेदारको लापरवाहीका कारण पुल अलपत्र रहेको नगरप्रमुख यादवले जानकारी दिनुभयो। सुरुमा ‘पप्पु कन्ट्रक्सन’ले काम रोक्दा पुल कालोसूचीमा परेको थियो। बाँकी काम ‘लुम्बिनी बिल्डर्स’ले लिएको भए पनि करिब चार वर्षअघि आएको बाढीले पुलका दुई पिलर भासिँदा निर्माण अनिश्चित बनेको छ।

विसं २०८२ असारसम्मको अन्तिम म्याद पनि सकिएको छ, तर पुल अझै बनिसकेको छैन। तराई-मधेसको ‘लाइफ लाइन’ मानिने हुलाकी राजमार्गको उक्त पुल निर्माणमा ढिलाइ हुँदा स्थानीयबासीमा आक्रोश बढिरहेको छ। पुल निर्माणका लागि स्थानीयले पटक-पटक आन्दोलन पनि गर्दै आएका छन्।

## जनकपुरमा एक करोडको केरा बिक्री, फलफुल आयात २८ करोड

वीरेन्द्र कर्ण





जनकपुरधाम, १५ कात्तिक । हिन्दु धर्मावलम्बीहरूको महान् पर्व छठको अवसरमा यस वर्ष जनकपुरधाममा करिब एक करोड रुपैयाँ बराबरको नेपाली केरा बिक्री भएको छ । भारतीय केरामा रोक लगिएको कारण बजारमा नेपाली केराको माग अत्यधिक बढेको छ ।

जनकपुर फलफुल तथा तरकारी व्यवसायी संघका महासचिव भूवनेश्वर पूर्वेका अनुसार भारतबाट केरा आयातमा प्रतिबन्ध भएपछि व्यापारीहरूले नवलपरासी, चितवन, सर्लाही, महोत्तरी, सुनसरी र झापा जिल्लाबाट नेपाली केरा झिकेर बिक्री गरेका हुन् । उनले भने, “छठ पर्वमा केराको माग असाधारण रूपमा बढ्छ । यस वर्ष भारतीय केरा रोकिएपछि हामीले नेपालमै उत्पादन भएका केरालाई बजारमा ल्यायौं र ग्राहकको प्रतिक्रिया अत्यन्त सकारात्मक रह्यो ।”

प्लान्ट क्वारेन्टाइन तथा विषाधी व्यवस्थापन केन्द्रको सचिवस्तरीय निर्णयअनुसार भारतीय केरामा रोग किरा देखिएपछि अस्थायी रूपमा आयातमा रोक लगाइएको थियो । यसले व्यापारीहरूलाई नेपालमै उत्पादन बढाउन प्रोत्साहित गरेको छ । व्यवसायीहरूले बताए अनुसार नेपाली केराको गुणस्तर र स्वाद पनि राम्रो भएपछि उपभोक्ताले सजिलै स्वदेशी उत्पादन रोजेका छन् ।

तर, नेपाली केराको लोकप्रियता बढे पनि अन्य फलफुल अझै पनि भारतमा निर्भर छन् । क्वारेन्टाइन कार्यालय जलेश्वरका प्रमुख किशोर कुमार यादवले बताए अनुसार यस वर्ष भारतबाट ३४ लाख १० हजार ७ सय ८६ किलो फलफुल नेपालमा भित्रिएको छ, जसको मूल्य करिब २८ करोड ५९ लाख ९६ हजार रुपैयाँभन्दा बढी रहेको छ । भिठामोड नाकाबाट भित्रिएका यी फलफुलमा स्याउ, अंगुर, अम्बा, आँप, सुन्तला, सरिफा, मेवा, बैर, अनार र नारियल प्रमुख छन् ।

छठ जस्तो पर्वमा फलफुलको खपत उच्च हुने भएकाले भारतबाट आयात अनिवार्य बनेको छ। तर सीमास्तरीय जाँच र ढुवानी खर्चका कारण बजारमा मूल्य वृद्धि भएको व्यापारीहरूले बताए। उपभोक्ताहरूले पनि महँगोमा फलफुल किन्नुपरेकोमा असन्तुष्टि व्यक्त गरेका छन्। जनकपुरधामकी उपभोक्ता रेणु देवी साह भन्छिन्, “गत वर्षको तुलनामा यस वर्ष फलफुल धेरै महँगो भयो। छठमा फलफुल पूजा बिना अधुरो हुन्छ, त्यसैले महँगो भए पनि किनेरै गर्नुपऱ्यो ।”कृषि विज्ञहरूको अनुसार नेपालमा केरा, अम्बा, तरबूजा, पपैया लगायतका फलफुल उत्पादनको ठूलो सम्भावना छ । तर, बजार व्यवस्थापन र सरकारी सहयोग नहुँदा किसानहरू निरुत्साहित हुने गरेको पाइन्छ । महोत्तरीका कृषक रामनाथ यादवका अनुसार, “सरकारले उचित मूल्य र बजारको ग्यारेन्टी दिए, हामीजस्ता किसानले केरामात्र होइन, अन्य फलफुल पनि ठूलो परिमाणमा उत्पादन गर्न सक्छौं ।”

छठ जस्तो पर्वले स्थानीय उत्पादनको सम्भावनालाई उजागर गरेको छ। जनकपुर फलफुल व्यवसायी संघका अध्यक्षले भने, “भारतीय केरामा रोक लगिएपछि नेपाली केराले बजार कब्जा गऱ्यो । अब सरकारले दीर्घकालीन रणनीति बनाएर आत्मनिर्भर फलफुल उत्पादनलाई प्रवर्द्धन गर्नुपर्छ ।”

यस वर्षको छठमा नेपाली केराको बिक्रीले उपभोक्ता, व्यापारी र किसान सबैको अनुभव फरक बनाएको छ। उपभोक्ताले महँगोमा फलफुल किनेपनि आस्था पूरा गरेका छन् भने किसान र व्यापारीले स्थानीय उत्पादनको महत्व र सम्भावना महसुस गरेका छन्।

निमोनियाबाट बचौं र बचाऔं

*निमोनिया संक्रमणका लक्षणहरू:*


- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन् ।

*बालबालिकालाई निमोनियाबाट बचाउन:*

- नियमित रूपमा लगाइने खोपहरू लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदूषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# गैरसरकारी हातमा स्थानीय परिवर्तनको शक्ति

धनुषाको बटेश्वर गाउँपालिकामा पछिल्ला वर्षहरूमा देखिएको सामाजिक र आर्थिक परिवर्तनले एक महत्वपूर्ण सन्देश दिएको छ । विकासको वास्तविक रूपान्तरण तब मात्र सम्भव हुन्छ जब स्थानीय तह, समुदाय र नागरिक समाजबीच सहकार्यको सशक्त सम्बन्ध स्थापित हुन्छ । गैर सरकारी संस्था ‘आफन्त नेपाल’ले बटेश्वरमा पाँच वर्षमा पुऱ्याएको योगदान यसको उत्कृष्ट उदाहरण बनेको छ ।

नेपालमा प्रायः विकासका योजनाहरू कागजमै सीमित रहने, बजेट खर्च देखाउनका लागि औपचारिकता पूरा गर्ने र जनताको जीवनस्तरमा खासै परिवर्तन नल्याउने प्रवृत्ति रहेको पाइन्छ। तर बटेश्वरको यो उदाहरण त्यस प्रवृत्तिको प्रतिवाद हो। यहाँ ‘आफन्त नेपाल’ले शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, वातावरण र क्षमता विकास जस्ता क्षेत्रमा गरेको कार्यले गाउँको रूपमै परिवर्तन गरेको छ। स्थानीय नागरिकहरूले महसुस गरेका सुधारहरू यसको प्रभावशीलताको प्रमाण हुन् ।

स्थानीय रामलखन साहको भनाइ “राज्यले गर्नुपर्ने धेरै जिम्मेवारी आफन्तले पूरा गरेको छ” केवल प्रशंसा मात्र होइन, प्रणालीगत कमजोरीको इङ्गित पनि हो। यसले सरकारका स्थानीय निकायहरूलाई आत्मसमीक्षा गर्न प्रेरित गर्छ। किन एक गैर सरकारी संस्था समुदायको जीवनमा यति गहिरो परिवर्तन ल्याउन सफल हुन्छ, जबकि सरकारी योजनाहरू प्रायः नतिजामुखी हुँदैनन ? यसको उत्तर खोज्नु आजको प्रशासनिक व्यवस्थाको प्राथमिक कार्य हुनुपर्छ।

‘आफन्त नेपाल’ले पाँच वर्षमा करिब ६ करोड ६१ लाख रुपैयाँ बराबरका परियोजना सञ्चालन गरेको तथ्य केवल रकमको होइन, दृष्टिकोणको पनि सूचक हो। यसमध्ये पाँच करोड रुपैयाँ फिडा इन्टरनेशनलको सहयोग र बाँकी रकम स्थानीय निकाय र समुदायको सहभागिताबाट जुटाइएको हो। यसले देखाउँछ( जब स्थानीय तह र समुदाय आफ्नै विकासका योजनामा स्वामित्वका साथ जुट्छन्, त्यतिबेला परिणाम स्थायी र सशक्त हुन्छ।

शिक्षा क्षेत्रमा गरिएको सुधार उल्लेखनीय छ। शिक्षक, प्रधानाध्यापक, बालविकास शिक्षिका र अभिभावकहरूका लागि तालिम, विद्यार्थीहरूका लागि स्वास्थ्य र कम्प्युटर शिक्षा कार्यक्रम, साथै विद्यालयको भौतिक संरचनामा सुधार( यी सबैले गाउँमा शिक्षा प्रती दृष्टिकोण नै बदलिएको छ। विद्यार्थीहरूको उपस्थिति वृद्धि, अभिभावकको संलग्नता र शिक्षकको प्रतिबद्धता, यी सबै परिवर्तनका सूचक हुन्।

स्वास्थ्य क्षेत्रमा ‘आफन्त नेपाल’ले विद्यालय स्वास्थ्य शिविर, सरसफाइ र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरेर साना प्रयासबाट ठूलो परिवर्तन ल्याएको छ। ग्रामीण क्षेत्रमा स्वास्थ्यप्रति सचेतना अझै पनि न्यून छ; यस्तोमा विद्यालयस्तरदेखि नै स्वास्थ्य सन्देश प्रवाह गर्नु दीर्घकालीन रणनीति हो।

जीविकोपार्जन र सीमान्तकृत वर्गको सशक्तिकरणमा संस्थाले पुऱ्याएको योगदान अझ महत्वपूर्ण छ। महिलाहरूलाई सिलाइ(कटाइ तालिम र मेशिन वितरण, युवालाई इलेक्ट्रीक तालिम र उपकरण सहयोग, किसानलाई सिँचाइ सामग्री, बीउ र पशुपालनका लागि बाख्रा वितरण( यी कार्यक्रमहरूले केवल रोजगारीको अवसर मात्र बढाएका छैनन्, समाजमा आत्मनिर्भरता र आत्मविश्वास पनि जगाएका छन्। युवा अनिल कुमार महतोको अनुभवले त्यसको पुष्टि गर्छ। बेरोजगार अवस्थाबाट व्यवसायी बन्ने उनको यात्रा गाउँभित्रै उद्यमशीलता सम्भव छ भन्ने प्रमाण हो। यसरी ‘आफन्त नेपाल’ले व्यक्तिको जीवन र गाउँको सामूहिक मानसिकता दुवैमा परिवर्तन ल्याएको छ।

वातावरणीय चेतनाको क्षेत्रमा पनि संस्थाले हरियाली, वृक्षारोपण र सरसफाइ अभियानमार्फत एउटा दीगो सोच बोकेको छ। विकास र वातावरणलाई एकसाथ हिँडाउन सक्ने सोच आजको विश्वका लागि पनि आवश्यक रहेको बेला, गाउँस्तरमै यस्तो पहल हुनु उत्साहजनक कुरा हो।

तर यस्ता सफलताहरूको स्थायित्व केवल गैर सरकारी संस्थाको जोशमा निर्भर रहन सक्दैन। प्रदेश र स्थानीय सरकारको सक्रिय सहकार्य अपरिहार्य छ। कार्यक्रमका सहभागीहरूले दिएको सुझाव “यसलाई दीगो बनाउन सरकार र संस्थाबीच सहकार्य आवश्यक छ”यही बोध गराउँछ।

‘आफन्त नेपाल’को कार्य केवल एउटा संस्थाको उपलब्धि होइन, स्थानीय विकासको वैकल्पिक मोडल हो। यसले देखाएको छ( यदि पारदर्शिता, सामुदायिक सहभागिता र जिम्मेवारीको भावना जोडिन्छ भने, साना गाउँहरू पनि स्वावलम्बी र आधुनिक बन्न सक्छन्। यस्तो मोडललाई अन्य गाउँपालिकाहरूले पनि अनुकरण गर्न सक्नेछन्।

नेपालको ग्रामीण विकासका कथाहरू प्रायः निराशाजनक हुन्छन्, तर बटेश्वरको कथा प्रेरणादायी छ। यसले विकासलाई “पैसाको परियोजना” होइन, “मानव केन्द्रित आन्दोलन”का रूपमा प्रस्तुत गरेको छ। समुदायको मन जित्ने, आत्मसम्मान जगाउने र भविष्यको बाटो देखाउने यस्तो कार्य नै साँचो विकास हो।

अन्ततः, बटेश्वरको अनुभवले एउटा स्पष्ट सन्देश दिन्छ जब राज्य, समुदाय र नागरिक समाजबीच सहकार्यको सूत्र गाँसिन्छ, तब गाउँहरू मात्र होइन, देश नै परिवर्तनको दिशामा अघि बढ्छ। अब आवश्यक छ, यस्तो सुन्दर उदाहरणलाई ‘मोडल’का रूपमा विस्तार गर्ने र सरकारी नीति निर्माणमा यसको भावना समावेश गर्ने। त्यसैले यो सम्पादकीय यही आह्वानका साथ समाप्त गर्न चाहन्छ बटेश्वरको बाटो हेरेर अब देशका अन्य गाउँहरूले पनि आफ्नो ‘आफन्त नेपाल’ खोजून्, जसले विकासलाई नारा होइन, अनुभूति बनाउन सकोस्।

# छुवाछुत : धर्मको नाममा गरिएको ऐतिहासिक षड्यन्त्र



चन्देश्वर सादा

भारतीय सभ्यताको इतिहासमा छुवाछुत केवल एक सामाजिक परिघटना होइन, यो योजनाबद्ध वैचारिक षड्यन्त्रको परिणाम हो। यस षड्यन्त्रको मूलमा विदेशी आर्यहरूको शासन-स्थापना र स्थानीय आदिवासीहरूको दमन लुकेको छ। भारतमा आर्यहरूको आगमनपछि, उनीहरूले यहाँको मौलिक सभ्यता र संस्कृतिलाई नियन्त्रणमा लिन “वर्णव्यवस्था”को सिद्धान्त प्रतिपादन गरे। यो जन्मका आधारमा गरिएको वर्गीकरण थियो, जसले समाजलाई चार भागमा विभाजन गऱ्यो – ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र।

तर, यो विभाजन पनि उनीहरूको वर्चस्व कायम राख्न पर्याप्त थिएन। त्यसपछि उनीहरूले एउटा अर्को वर्ग सिर्जना गरे – जसलाई “अवर्ण” वा “अतिशूद्र” भनियो। यही वर्गमा आजका अछुत, दलित र सीमान्तकृत समुदायहरू पर्दछन्। उनीहरूलाई समाजको परिधिबाट बाहिर धकेलियो। न त उनीहरूलाई धर्मकर्ममा सहभागी हुन दिइयो, न त समाजमा बराबरको स्थान। उनीहरूलाई “छुनु निषेध” बनाइयो, जसको परिणामस्वरूप उनीहरूलाई गाउँ बाहिर, समाजको किनारामा, अपमान र गरिबीमा जीवन बिताउन बाध्य पारियो।





### *आर्य-अनार्य द्वन्द्व र अतिशूद्रको जन्म*

आर्यहरूको आगमनभन्दा पहिलेदेखि भारतमा आदिवासी समाजको सभ्यता चलिरहेको थियो। उनीहरू प्रकृतिपूजक थिए, सामूहिक श्रम र समानतामा विश्वास गर्थे। जब विदेशी आर्यहरू यहाँ आए, उनीहरूले ती आदिवासीहरूलाई परास्त गरेर भूमि कब्जा गरे। यो विजयपछि दुई समूह बने – शासक आर्य र पराजित अनार्य। यही द्वन्द्वको परिणामस्वरूप आदिवासीहरूलाई “अवर्ण” भनियो।

आर्यहरूले शूद्रलाई समाजभित्र राखे, तर अतिशूद्रलाई त्यसको बाहिर निकालिदिए। उनीहरूलाई “अन्त्यज” भनियो – जसको अर्थ समाजको अन्त्यमा बस्ने मानिस। यो विभाजन केवल सामाजिक थिएन, राजनीतिक पनि थियो। यसले सत्ताको केन्द्रमा आर्य ब्राह्मणहरूलाई राख्यो र मूलवासीहरूलाई श्रम, अपमान र अधीनतामा सीमित गऱ्यो।

### *धर्मशास्त्रमार्फत शोषणको वैधता*

मनुस्मृतिले यो विभाजनलाई धार्मिक वैधता दियो। मनुका अनुसार – “शक्तिशाली भए पनि, शूद्रले धन जम्मा गर्नु हुँदैन; किनकि धन पाएपछि ऊ ब्राह्मणलाई सताउँछ।” (मनु १०-१२९)

यो वाक्य मात्र होइन, एक मानसिक दासताको सूत्र हो। यसले शूद्र र अतिशूद्र दुवैलाई आर्थिक र सामाजिक रूपमा दीन-हीन बनायो। उनीहरूलाई न त शिक्षा प्राप्त गर्ने अधिकार दिइयो, न धन सम्पत्ति राख्ने। त्यसैको परिणामस्वरूप उनीहरू भोक, गरिबी र उत्पीडनको स्थायी चक्रमा फँसे।

### *बौद्ध धर्म र ब्राह्मणवादबीचको द्वन्द्व*

ऋग्वेदकालीन समाजमा गाई, घोडा, बाख्रा, भैंसी लगायत जनावरहरूको मासु खान सामान्य कुरा थियो। आर्यहरूको मुख्य आहार नै पशु-मासु थियो। तर जब भगवान बुद्धले अहिंसाको सिद्धान्त प्रचार गर्दै पशुबलि र हिंसाविरुद्ध आन्दोलन गरे, तब समाजमा गाई र जनावरप्रतिको करुणा र सम्मानको भावना फैलियो।

यही अवधिमा ब्राह्मणवाद र बौद्ध धर्मबीच वैचारिक प्रतिस्पर्धा सुरु भयो। बुद्धका उपदेशहरूले जनमानसमा ब्राह्मणको प्रभुत्वलाई चुनौती दिए। यस प्रतिक्रियामा ब्राह्मणहरूले उल्टै गाईको पूजा गर्न थाले र आफूलाई “गोरक्षक धर्मका प्रतिनिधि”का रूपमा प्रस्तुत गरे। यसरी, गाई-पूजाको अवधारणा कुनै सनातन सत्य होइन; यो बौद्ध धर्मको लोकप्रियता विरुद्ध ब्राह्मणहरूद्वारा गरिएको ‘प्रतिक्रान्ति’ हो।

### *छुवाछुतको संस्थागत रूप*

यस धार्मिक षड्यन्त्रले समाजमा अमानवीय विभाजन सिर्जना गऱ्यो। अछुतहरूलाई पानी पिउने अधिकार थिएन, मन्दिर प्रवेश वर्जित थियो, विद्यालय निषेधित थियो। उनीहरूको छायाँ परेको मात्रले पनि ब्राह्मणहरूलाई अशुद्ध ठानिन्थ्यो। यो विभाजनले शताब्दीयौँसम्म दलितहरूलाई ‘अवर्ण’, ‘अन्त्यज’, ‘दास’ र ‘अछुत’का रूपमा बाँधिराख्यो।

चिनियाँ यात्री फा-हियानले सन् ४०० ईस्वीतिर भारत भ्रमण गर्दा पहिलोपटक अछुतहरूको उल्लेख गरेका छन्। यसले देखाउँछ कि अछुतत्वको परम्परा आर्यकालको उत्तरार्धमा मात्र संस्थागत रूपमा विकसित भयो। त्यसअघि, समाजमा यस्तो असमानता थिएन।

### *असमानता र चेतनाको संघर्ष*

इतिहासमा जब-जब दलित वा अछुत वर्गले शिक्षाको वा स्वाभिमानको बाटो रोजे, उनीहरूलाई दमन गरिएको छ। आर्यकालदेखि नै ज्ञान र धर्मका ढोका उनीहरूका लागि बन्द गरिए। तथापि, समय-समयमा विभिन्न आन्दोलनहरूले यो असमानताको जरो हल्लाउन खोजे। बुद्धको करुणा, कबीरको भक्ति, फुलेको शिक्षा, र डा. भी. आर. अम्बेडकरको संविधानले यही चेतनाको श्रृंखला विस्तार गरे।

डा. अम्बेडकरका अनुसार, “अछुतत्व कुनै प्राकृतिक अवस्था होइन; यो ब्राह्मणवादी व्यवस्थाद्वारा बनाइएको सामाजिक उत्पीडन हो।” उनी भन्छन् – “जबसम्म समाजमा समानता र स्वाभिमानको भावना जाग्दैन, तबसम्म छुवाछुत समाप्त हुन सक्दैन।”

### *समसामयिक सन्दर्भमा छुवाछुत*

आज पनि छुवाछुतको अवशेष नेपाल र भारत दुबैमा विभिन्न रूपमा जीवित छ। कानूनी रूपमा निषेध भए पनि, व्यवहारमा यो मानसिकता अझै कायम छ। कहिले पानीको गिलासमा, कहिले विवाहमा, कहिले मन्दिर प्रवेशमा – छुवाछुतका परम्परागत रूपहरू फेरिए पनि, सोचको जरो उखेलिएको छैन।

साँच्चिकै समान समाज चाहिन्छ भने, यो केवल कानुनले सम्भव हुँदैन। यसको अन्त्य चेतनाको क्रान्तिद्वारा मात्र सम्भव छ। जब समाजका सबै वर्गले स्वीकार गर्छन् कि कुनै पनि मानिस जन्मका कारणले तल्लो या माथिल्लो होइन, तबमात्र आर्यकालको त्यो विभाजनकारी छायाँ हराउनेछ।

छुवाछुत कुनै धर्मको रक्षा होइन, मानवताको हत्या हो। त्यसैले यसको विरुद्ध आवाज उठाउनु धर्मविरोध होइन, सत्य, न्याय र समानताको पक्षमा उभिनु हो।

### *निष्कर्ष*

छुवाछुतको इतिहासले हामीलाई चेतावनी दिन्छ – असमानता कहिल्यै स्वतः समाप्त हुँदैन; त्यसलाई अन्त्य गर्न निरन्तर चेतना र संघर्ष आवश्यक छ। आर्यकालको षड्यन्त्रले निर्माण गरेको यो विभाजन तबमात्र मेटिन सक्छ जब समाजका सबै वर्गले मानवता, समानता र करुणाको मार्ग रोज्छन्।

गाई-पूजा, धर्म, वा संस्कारका आवरणमुनि लुकेको विभाजनवादी मानसिकता उजागर गर्न आज पनि आवश्यक छ। जबसम्म छुवाछुत रहन्छ, तबसम्म समाजको आत्मा अपूर्ण रहन्छ।

# आवश्यक टेलिफोन नम्बरहरू

## एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

## प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

## अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

## महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# चिया र चुरोटको घातक जोडी



एजेन्सी⁄ चियाको कप र चुरोटको सर्को। नेपालमा यो संयोजन निकै सामान्य छ। कुनै पनि चिया पसलमा मानिसहरू एक हातमा चिया र अर्को हातमा चुरोट लिएर बसिरहेका भेटिन्छन्।

तर, यो संयोजन निकै खतरनाक छ। मानिसहरू यसलाई तनावबाट आराम पाउनका लागि सेवन गर्छन्, तर यसले मुटुमा अतिरिक्त दबाब बढाउँछ, रक्तचाप बढाउँछ र दिमागलाई यसको लतको दास बनाउँछ।

तातो चियासँग चुरोट पिउनाले एसिड रिफ्लक्स, क्यान्सर र दीर्घकालीन फोक्सो रोगको जोखिम धेरै गुणा बढ्छ। विश्व स्वास्थ्य संगठनका अनुसार, विश्वभर हरेक वर्ष धूम्रपानका कारण ८० लाखभन्दा बढी मानिसको समयअघि नै मृत्यु हुन्छ।

*चिया-चुरोट सँगै पिउँदा किन राहत महसुस हुन्छ?*

चियामा क्यफिन हुन्छ, जसले सतर्कता बढाउँछ। चुरोटको निकोटिनले यसलाई अझ तीव्र बनाउँछ। यस कारण केही समयका लागि राम्रो महसुस हुन सक्छ।

यद्यपि, यसका कारण मुटुको धड्कन बढ्छ र रक्तचाप उच्च हुन्छ। यदि कसैले यो दिनहुँ गर्छ भने, लामो समयमा मुटु रोगको खतरा बढ्छ।

*चिया-चुरोटले बिगार्छ स्वास्थ्य*

चिया र चुरोट सँगै पिउनाले गम्भीर टाउको दुखाइ, रिँगटा लाग्ने, वाकवाकी र पेट खराब हुने जस्ता समस्याहरू हुन सक्छन्। निकोटिनले शरीरलाई तनाव दिन्छ, जबकि क्याफिनले त्यसलाई बढवा दिन्छ। यदि कसैले दिनहुँ चुरोट-चिया सँगै पिइरहेको छ भने, उसको रगतमा चिनीको स्तर पनि बढ्न सक्छ। चिया-चुरोटको यो संयोजनले स्वस्थ आहारको प्रभावलाई पनि बेअसर गरिदिन्छ।

- १ कप चिया + १ सिगरेट रु. मुटुको धड्कन बढ्छ
- २ कप चिया + २ सिगरेट रु. रक्तचाप बढाउँछ

*हरेक हप्ता दैनिक*

- २ कप चिया + २ सिगरेट रु. तनाव बढ्छ, निद्रामा समस्या

*एक महिना दैनिक*

२ कप चिया + २ सिगरेट रु. एसिड रिफ्लक्स, पेटको समस्या

*१ वर्ष दैनिक*

२ कप चिया +२ सिगरेट रु. मुटुको रोगको खतरा बढ्ने

*१० वर्ष दैनिक*

२ कप चिया + २ सिगरेट रु. क्यान्सर र फोक्सोको रोग

*लत छोड्दैमा स्वास्थ्य पुनः लयमा*

चिया-चुरोट छोड्ने बित्तिकै शरीरमा रिकभरी सुरु हुन्छ। यदि कसैले दिनहुँ एउटा चुरोट कम गर्छ भने, उसको जीवनमा दैनिक २० मिनेट थपिन सक्छ। तर यो कम्बो छोड्दा क्याफिन र निकोटिन दुवैको चाहना कम हुन्छ र रिकभरी तीव्र गतिमा हुन्छ।

*चुरोट छाडेको*

- २० मिनेटपछि : रक्तचाप सामान्य, मुटुको धड्कन सामान्य
- १२-२४ घण्टापछि : रगतमा कार्बन मोनोअक्साइड कम, *हृदयाघातको जोखिम कम*
- २ हप्ता-३ महिनापछि : मुटु र फोक्सोको कोष सुधार
- १-९ महिनापछि : श्वासप्रश्वास र निद्रा राम्रो
- १ वर्षपछि : मुटुसम्बन्धी रोगको जोखिम कम
- ५-१५ वर्षपछि : बिग्रेको कोष ठिक हुन्छ, क्यान्सरको जोखिम आधा
- चिया-चुरोट र स्वास्थ्यसम्बन्धी महत्त्वपूर्ण प्रश्नोत्तर

*प्रश्नः* चिया-चुरोट पिउँदा शरीरमा तुरुन्तै के हुन्छ?

*जवाफः* चियाको क्याफिनले शरीरलाई सतर्क बनाउँछ, चुरोटको निकोटिनले मुटुको धड्कन बढाउँछ। यी दुवै कुरा सँगै पिउँदा रक्तचाप बढ्छ, शरीर काम्न सक्छ र पेटमा एसिडिटी हुन सक्छ।

*प्रश्नः* चिया-चुरोट पिउँदा आराम किन महसुस हुन्छ?

*जवाफः* यसलाई सँगै पिउँदा सुखद अनुभूति हुन्छ किनभने निकोटिनले दिमागलाई रिल्याक्स गर्छ र क्याफिनले एकाग्रता बढाउँछ। तर, यसको प्रभाव सकिएपछि तलब, चिडचिडापन र चिन्ता बढ्छ। बिस्तारै यसले तनाव बढाउँछ। त्यसैले बारम्बार दिमागलाई आराम दिनका लागि चिया-चुरोटको इच्छा जाग्छ।

*प्रश्नः* चिया-चुरोटबाट कुन-कुन रोग लाग्न सक्छ?

*जवाफः* धूम्रपानले फोक्सोको क्यान्सर, मुटु रोग, स्ट्रोक र दमको जोखिम बढाउँछ। चियासँग चुरोट पिउँदा यी सबै जोखिमहरू अझ बढ्छन्। चिया-चुरोट मिलेर रक्तचाप र मुटुको धड्कन बढाउँछन्। त्यसैले मुटुका रोगहरूको जोखिम धेरै गुणा बढ्छ। यसबाट एसिड रिफ्लक्स, पेटमा अल्सर, निद्रामा समस्या, स्मरणशक्ति गुम्ने, स्ट्रोक र बाँझोपनको खतरा पनि बढ्छ।

*प्रश्नः* चिया-चुरोट छोड्न किन गाह्रो हुन्छ?

*जवाफः* निकोटिनले दिमागलाई लत लगाउँछ र क्याफिनले निर्भरता बढाउँछ। यी दुवैलाई सँगै लिँदा डोपामाइन हर्मोन निस्कन्छ, जसले शरीरलाई एकैसाथ सक्रिय र आरामको अनुभूति दिन्छ। यही कारण हो कि थोरै तनाव हुँदा पनि दिमाग आराम पाउनका लागि चिया-चुरोटतर्फ भाग्छ।

*प्रश्नः* चिया-चुरोट छोड्न के गर्न सकिन्छ?

*जवाफः* सबैभन्दा पहिले, सही उत्प्रेरणा खोज्नुहोस्। उदाहरणका लागि, मेरो यो लत छोड्नाले परिवारका सदस्यहरू अप्रत्यक्ष धूम्रपान बाट बच्नेछन्।

त्यसपछि 'ट्रिगर' पहिचान गर्नुहोस्। यसको मतलब तपाईंलाई कहिले चिया र धूम्रपानको इच्छा हुन्छ भनेर बुझ्नुपर्छ। यस्तो प्रायः खाली समयमा वा तनावमा हुन्छ। त्यसैले ती अवस्थाहरूबाट बच्नुहोस् । आफूलाई कुनै रचनात्मक काममा व्यस्त राख्नुहोस्, नियमित व्यायाम गर्नुहोस् वा स्वस्थ खाजा खानुहोस्। यदि आवश्यक परेमा, डाक्टरसँग निकोटिन प्रतिस्थापन थेरापी लिनुहोस्। यसलाई योजनाका साथ बिस्तारै कम गर्नुहोस– जस्तैः पहिले चुरोट कम गर्नुहोस्, अनि चिया कम गर्नुहोस्। यसलाई अचानक छोड्दा पनि केही स्वास्थ्य समस्याहरू हुन सक्छन्।

चिया-चुरोट छोड्न सजिलो छैन, तर असम्भव पनि छैन। यसका लागि स-साना कदमहरूबाट सुरु गर्नुहोस्। सबैभन्दा पहिले आफ्नो उद्देश्य स्पष्ट राख्नुहोस्, जस्तैः 'म आफ्नो परिवारलाई अप्रत्यक्ष धूम्रपानबाट बचाउन चाहन्छु।'

त्यसपछि 'ट्रिगर'हरूबाट जोगिनुहोस्। जुन ठाउँहरूमा वा जुन साथीहरूसँग तपाईं अक्सर चिया-चुरोट पिउनुहुन्छ, उनीहरूबाट केही दिन दूरी बनाउने प्रयास गर्नुहोस्।

यो लत छोडेपछि तपाईंले आफ्नो जीवनमा नयाँ ऊर्जा महसुस गर्नुहुनेछ। सधैं ध्यान राख्नुहोस् कि हरेक सानो कदमले ठुलो परिवर्तन ल्याउँछ। यदि तपाईं धूम्रपान गर्नुहुन्छ वा चिया-चुरोटका शौकिन हुनुहुन्छ भने, आजैदेखि परिवर्तन सुरु गर्नुहोस्। तपाईंको स्वास्थ्य तपाईंको हातमा छ।

## आन्ध्र प्रदेशको वेंकेटेश्वर मन्दिरमा भागदौड, १० जनाको मृत्यु

एजेन्सी⁄ श्रीकाकुलम १५ कात्तिक । आन्ध्र प्रदेशको श्रीकाकुलमस्थित काशीबुग्गा वेंकटेश्वर मन्दिरमा शनिबार एकादशीका दिन भागदौड मच्चिँदा १० जनाको मृत्यु भएको छ । मृतकहरूमध्ये ८ महिला र २ बालबालिका रहेका छन् । यस घटनामा २५ भन्दा बढी मानिस घाइते भएका छन् र उनीहरूको उपचार भइरहेको छ । स्थानीयका अनुसार अत्यधिक भीडभाडका कारण धकेलाधकेल हुँदा रेलिङ भत्किएको र त्यसपछि भागदौड मच्चिएको थियो । अधिकारीहरूले मृतकको संख्या बढ्न सक्ने आशंका व्यक्त गरेका



छन् । सरकारले यस दुर्घटनाको छानबिन गर्न आदेश दिएको छ । भागदौडपछि धेरै महिला बेहोस भएका थिए । घटनाका धेरै भिडियोहरू सार्वजनिक भएका छन्, जसमा मन्दिरको सिँढीमा महिला, बालबालिका र धेरै वृद्धवृद्धासहित मानिसहरूको ठुलो भिड देखिएको छ । सोही क्रममा रेलिङ भत्किएर मानिसहरू भिडमा दबिएका थिए । महिला र बालबालिका बाहिर निस्कन चिच्याएको र धेरैले ज्यान बचाउन मानिसहरूको माथिबाट निस्कने प्रयास गरेको देखिन्छ ।

दुर्घटनापछिका भिडियोहरूमा मानिसहरूले भीडमा दबिएका महिला र बालबालिकालाई बाहिर निकाल्दै गरेको देखिएको छ । भागदौड भएको ठाउँमा महिलाहरू यत्रतत्र अचेत अवस्थामा लडेका थिए । मानिसहरूले भिडबाट महिलाहरूलाई हातखुट्टा समातेर तान्दै गरेको पनि देखिन्छ ।

आन्ध्र प्रदेशकी गृहमन्त्री अनिताले मन्दिरमा हरेक हप्ता करिब १५०० देखि २००० श्रद्धालु दर्शनका लागि आउने जानकारी दिइन् । एकादशीका कारण आज श्रद्धालुको संख्या निकै धेरै थियो । उनका अनुसार मन्दिर पहिलो तलामा अवस्थित छ र यहाँ पुग्न २० वटा सिँढी छन् । धकेलाधकेल हुँदा रेलिङ भत्किएर भागदौड मच्चिएको थियो ।

## जुवा खेलिरहेका ७ जना पक्राउ

धनगढी १५ कात्तिक । कैलालीमा डेढ लाख बढी रकमसहित सात जना जुवाडे पक्राउ परेका छन् ।

मोहन्याल गाउँपालिका-७ को पितमारीमा रहेको ग्रिन सिटी होटलमा



छापा मारेर प्रहरीले जुवातास खेलिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक(डीएसपी) राजकुमार सिंहले एक लाख ७७ हजारसहित सात जनालाई पक्राउ गरिएको बताए ।

पक्राउ पर्नेमा मोहन्याल गाउँपालिका-७ का ६८ वर्षीय अम्मर बुढा, ३० वर्षीय महेन्द्र साउँद, २६ वर्षीय डबल बुढा, लम्कीचुहा नगरपालिका-१ थकालीपुरका ४८ वर्षीय नेत्र शाही, चिसापानीका ६५ वर्षीय कुलबहादुर शाही, ३८ वर्षीय बिर्खबहादुर बिष्ट र सोही होटलका सञ्चालक ३० वर्षीय लोकेन्द्र बहादुर शाही रहेका छन् । उनीहरूको साथबाट १२ गड्डी तास पनि बरामद गरिएको छ । इलाका प्रहरी कार्यालय चिसापानीकी प्रहरी निरीक्षक मिरा खड्काको नेतृत्वको टोली उक्त अप्रेसन गरेको थियो ।

पक्राउ परेकालाई नियन्त्रणमा राखेर अनुसन्धान भइरहेको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# राष्ट्र संकटमा हुँदाहुँदै पनि समाजवादी क्रान्तिको नजिक छ : प्रचण्ड

दैनिक समाचारदाता

काठमाडौं, १५ कात्तिक । नेकपा (माओवादी केन्द्र) महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्र गम्भीर संकटमा परेको बताएका छन् ।

पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा शनिबार आयोजित शहीद प्रतिष्ठान नेपालको साधारण सभा सम्बोधन गर्दै उनले अहिलेको समय 'साम्राज्यवाद र समाजवादी क्रान्तिबीचको टक्करको चरण' भएको बताए ।



शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउने जिम्मेवारी अझै अधुरो रहेको उल्लेख गर्दै प्रचण्डले त्यसका लागि सरकारमा हुँदा प्रयास र बाहिर हुँदा राज्यलाई निरन्तर सचेत गराउँदै आएको बताए । संयोजक प्रचण्डले नेपालको वर्तमान परिस्थितिलाई समाजवादी क्रान्तिको प्रारम्भिक संकेतका रूपमा व्याख्या गर्दै भने, '२३ र २४ का घटनाक्रमले देखाएको छ- क्रान्ति अब टाढा छैन, बरू नजिक आएको छ। जनताको असन्तुष्टि र आक्रोश सही ढंगले संगठित गर्न सके समाजवादी क्रान्ति छोटो समयमै सम्भव छ ।'

उनले आफूले प्रधानमन्त्री हुँदा र प्रतिपक्षमा हुँदा शान्ति प्रक्रियाका बाँकी कार्य पूरा गर्न निरन्तर प्रयास गरेको उल्लेख गरे । 'हाम्रो निरन्तरको प्रयासमा शहीद घोषणा, विधेयक निर्माण र आयोग गठन भएका छन्,' प्रचण्डले भने, 'तर, ती आयोगहरूले अपेक्षित परिणाम दिन सकेका छैनन् ।'

प्रचण्डले मुलुकको वर्तमान अवस्थालाई 'राष्ट्रको स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमसत्ता' माथिको गम्भीर चुनौतीको रूपमा चित्रण गरे। 'हामी अहिले साम्राज्यवादसँग सिधै आमनेसामने छौं,' प्रचण्डले भने, 'अब प्रश्न छ, समाजवादी क्रान्तिले साम्राज्यवादलाई रोक्ने हो कि साम्राज्यवादले नै हाम्रो स्वाधीनता निल्ने हो ।'

प्रचण्डले देशभक्त, वामपन्थी र क्रान्तिकारी सबै शक्तिलाई राष्ट्रिय स्वाधीनता र समाजवादी क्रान्तिको रक्षाका लागि एउटै मोर्चामा उभिन आह्वानसमेत गरे ।

# प्रहरी कुटपिटविरुद्ध जनकपुर व्यापारीहरू प्रदर्शनमा

दैनिक समाचारदाता

जनकपुरधाम १५ कात्तिक । जनकपुरधाम उद्योग वाणिज्य सङ्घ सुनचाँदी बजारमा भएको घटनाको निष्पक्ष छानबिन र दोषी प्रहरीमाथि कारबाहीको माग गर्दै आन्दोलनमा उत्रिएको छ। धनतेरस पर्वको पूर्व सन्ध्यामा जनकपुरधामस्थित सुनचाँदी बजारमा सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि प्रहरीले कुटपिट गरेको थियो ।




सो घटनाका विरुद्ध जनकपुरधाम उद्योग वाणिज्य सङ्घ र जनकपुरधामका व्यापारीहरूले दुई चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेर प्रदर्शनमा उत्रिएका हुन् । सङ्घको आह्वानमा आजदेखि व्यापारीहरू आ-आफ्नो व्यापारिक प्रतिष्ठानमा कालो झन्डा झुन्ड्याएर र कालोपट्टी बाँधेर व्यवसाय सञ्चालन गरिरहेका छन् । कात्तिक १७ गतेसम्म उनीहरुले कालो पट्टी बाँधेर व्यवसाय सञ्चालन गर्ने जनाएका छन् । पहिलो चरणको आन्दोलन पश्चात् माग सम्बोधन नभए कात्तिक १८ गते बिहान ९ बजे नगर परिक्रमा गर्ने, दिउँसो १२ बजेसम्म सबै पसल बन्द गर्ने तथा जनक चोकमा कोणसभा र पत्रकार सम्मेलनको आयोजना गर्ने कार्यक्रम तय गरिएको छ । धनतेरस पर्वको पूर्व सन्ध्यामा प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाको आधारमा सुनचाँदी पसलमा छापा मारेको थियो । छापा मार्ने क्रममा एक पसलबाट प्रहरीले ७ किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरू प्रतिवादमा उत्रिएका थिए । प्रहरीले छापा मार्ने नाममा चाँदी लुटेको आरोप लगाएर व्यापारीहरूले प्रतिवाद गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो । सोही क्रममा प्रहरीको कुटाइबाट जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष भण्डारी घाइते भएका थिए ।

# झापामा ३१७ वटा नयाँ साना उद्योग दर्ता

झापा १५ कात्तिक । झापा जिल्लामा चालु आर्थिक वर्ष २०८२।०८३ को पहिलो त्रैमासिकमा ३१७ वटा नयाँ घरेलु तथा साना उद्योग दर्ता भएका छन् ।



घरेलु तथा साना उद्योग कार्यालय झापाका सूचना अधिकारी जानकी भट्टराईका अनुसार उक्त तीन महिनाको अवधिमा कार्यालयमा उद्योगतर्फ १४५ र वाणिज्यतर्फ १७२ फर्म दर्ता भएका हुन् । सोही अवधिमा जिल्लामा उद्योगतर्फ ३३५ र वाणिज्यतर्फ ३३२ उद्योग नवीकरण गरिएको उहाँले बताउनुभयो ।

सूचना अधिकारी भट्टराईका अनुसार जिल्लामा चालु आवको पहिलो तीन महिनामा उद्योगतर्फ ३८ र वाणिज्यतर्फ २५ गरी ६३ उद्योग खारेज हुँदा तीन उद्योगको ठाउँ सारी, १६ उद्योग नामसारी, १४ उद्योगको नाम परिवर्तन तथा १० उद्योगले उद्देश्य थपेका छन् । कार्यालयमा आएर उद्योग बन्द गराउनेको सङ्ख्या कम रहे पनि नवीकरण नभएका धेरै उद्योग बन्द भइसकेका सूचना अधिकारी भट्टराईले बताउनुभयो ।

विभिन्न कारणले उद्योग बन्द हुनेको सङ्ख्याभन्दा नयाँ थपिने उद्योगको सङ्ख्या बढ्दै गएको सूचना अधिकारी भट्टराईको भनाइ छ । उहाँका अनुसार कार्यालयले चालु आव २०८१।०८२ तीन महिनामा विभिन्न शीर्षकमा रु ५४ लाख ३९ हजार २०० राजस्व सङ्कलन गरेको छ ।

# चीनकै भूमिमा रोकिए करोडौंको नेपाली मालबस्तु



सिन्धुपाल्चोक, १५ कात्तिक । चीनको स्वाशासित क्षेत्र न्यालाम सरकारले मनमौजी रुपमा मालबस्तु छाड्नेक्रमले तातोपानी नाका हुँदै नेपाल आउन लागेका मालबस्तु बोकेका कन्टेनरका करोडौं मूल्यका सामान चिनियाँ क्षेत्रमा नै रोकिएका छन् ।

दसैं, तिहार लक्षित सामानहरु न्यालममै रोकिएपछि व्यापारी, व्यवसायी मारमा परेका छन् । व्यवसायीले खरिद गरेका करोडौं मूल्यका सामानहरु न्यालम सरकारले तातोपानी नाका हुँदैं नेपाल छिर्न कडाइ गरेपछि सामानहरु उत्तै रोकिएका हुन् । न्यालम प्रशासनले तातोपानी नाका हुदैं आउजाउमा कडाइ गरेपछि समयमा करोडौंको सामान आउन नपाएको हो ।

रसुवा नाका बन्द भएपछि व्यवसायीले तातोपानी नाका हुँदै मालबस्तु नेपाल ल्याउन लागेको थिए । तर न्यालम प्रशासनले कन्टेनर आउजाउमा कडाइ गरेपछि प्रर्याप्त मालबस्तु बोकेका कन्टेनर आउन नसकेको हो ।

अधिकांश कन्टेनरमा दसैं तिहारका सामान छन् । साउनको पहिलो सातादेखि तातोपानी सडक खण्डअन्तर्गत कोदारी सडक खण्ड बन्द भएपछि चीनबाट तातोपानी भन्सार कार्यालयमा मालबस्तु बोकेका कन्टेनर आउन पाएको थिएन् । कोदारी सडक सुचारु भए पनि न्यालम सरकारले कन्टेनर आउजाउमा कडाइ गरेपछि करोडौंका सामान उत्तै रोकिएको छ ।

नेपाल हिमालय सीमापार वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गंगाबहादुर घिमिरे (सागर) कानुसार तिब्बतको न्यालम प्रशासनले सीमित संख्यामा मालबस्तु बोकेका कन्टेनर छोडेका कारण अरबौं रुपियाँका सामानहरु चिनियाँ भू-भागमा रोकिएको दुखेसो पोख्नुभयो ।

चीनको न्यालम, केरुङ लगायतका शहरमा नेपाली व्यापारीले किनेका सामानहरु रोकिएको उहाँले पीडा सुनाउनुभयो । कतिपय मालबस्तु लोड गरेर राखिएको भए पनि न्यालम प्रशासनले कन्टेनरमा छाडेको छैन् । त्यसकारण व्यवसायी व्यापारी मारमा परेको बताएका छन् ।

तातोपानी नाकाबाट मालबस्तु बोकेका कन्टेनर ल्याउन कठिन हुन थालेपछि कतिपय व्यवसायीले मुस्ताङ कोरला नाका हुँदै व्यापारिक सामान ल्याउन थालेका छन् । तर जाडो मौसममा हिउँ पर्ने, जम्ने कारण कन्टेनर आउजाउमा समस्या पर्ने देखिएको छ । तर पनि दसैं तिहारका सामानहरु सोही नाकाबाट आयात गरिएको घिमिरेले बताउनुभयो । हिउँ पर्ने र जम्ने हुँदा उक्त नाकाबाट मालबस्तु ल्याउन कठिन हुने देखिन्छ ।

नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्की नेतृत्वमा नेपालस्थित चिनियाँ दुतावासलाई मालबस्तु बोकेको कन्टेनर पर्याप्त मात्रामा छोड्नका लागि न्यालम प्रशासनसँग पहल र समन्वय गरिदिन लिखित, मौखिक रुपमा आग्रह गरेको छ ।

नेपाल सरकारले नै पहल गर्दा झन राम्रो हुने संघको ठम्माइ छ । न्यालम प्रशासनले तातोपानी नाका हुँदै दैनिक १५ देखि २० वटा कन्टेनरसम्म मात्र छोडेको छ । तर उसले दैनिक ४० देखि ५० वटा बढी संख्यामा मालबस्तु बोकेको कन्टेनर छोडेमा रोकिएका सामान केही महिनामा नै आयात हुने घिमिरेले बताउनुभएको छ । यसका लागि सरकारले पहल थालिदिन उहाँले आग्रह गर्नुभयो ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४